**१. फिफा महिला विश्वकप फुटबल प्रतियोगिता, २०२३ को उपाधि जित्ने राष्ट्र कुन हो ?**

✍ स्पेन

- इङ्ग्ल्यान्डलाई १–० गोल अन्तरले हराएर स्पेनले सो उपाधि जितेको।
- महिला फुटबल विश्वकपमा स्पेन तेस्रो सहभागितामा नै उपाधि जित्न सफल भएको।
- पुरुष र महिलातर्फ विश्वकप ट्रफी उचाल्ने जर्मनीपछि स्पेन दोस्रो राष्ट्र बनेको।
- प्रतियोगितामा स्विडेन तेस्रो तथा अस्ट्रेलिया चौथो बनेको।

**विश्वकप सङ्क्षेप**

- सञ्चालन मिति : सन् २०२३ जुलाई २०–अगस्ट २०
- आयोजना : अस्ट्रेलिया र न्युजिल्यान्ड (संयुक्त रूपमा)
- सर्वश्रेष्ठ खेलाडी : एटेना बोनमती (स्पेन)
- गोल्डेन बुट : हिनाटा मियाजामा (जापान, पाँच गोल)
- उत्कृष्ट गोलकिपर : मेरी इयर्प्स (इङ्ग्ल्यान्ड)
- उदीयमान खेलाडी : साल्मा पारालुवेलो (स्पेन)
- फेयर प्ले अवार्ड : जापान

२. **सरकारले श्रमिकको न्यूनतम पारिश्रमिक बढाएर कति पुऱ्याएको छ ?**

✍ रु. १७,३००

- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ अनुसार २०८० साउन १ बाट लागु हुने गरी श्रमिकको न्यूनतम पारिश्रमिक बढाएको।
- यसअघि श्रमिकको मासिक न्यूनतम पारिश्रमिक १५ हजार रुपियाँ रहेको थियो।
- अहिले आधारभूत पारिश्रमिक १० हजार ८२० र महँगी भत्ता छ हजार ४८० रुपियाँ गरी १७ हजार ३०० रुपियाँ पुऱ्याइएको। यसअघि आधारभूत पारिश्रमिक नौ हजार ३८५ र महँगी भत्ता ५,६१५ रुपियाँ रहेको थियो।
- श्रमिकको दैनिक पारिश्रमिक ६६८ रुपियाँ पुगेको। यसअघि यो ५७७ रुपियाँ थियो।
- आंशिक समय मात्र काम गर्ने कामदारको अब न्यूनतम पारिश्रमिक ९५ (यसअघि ७७ रुपियाँ रहेको) रुपियाँ प्रतिघण्टा पुगेको।
- चिया बगानका श्रमिकको मासिक पारिश्रमिक रु. १३,८९३ (यसअघि १२,०८१ रहेको)। चिया बगानका श्रमिकको दैनिक पारिश्रमिक ६६ रुपियाँ (यसअघि ५७ रुपियाँ) पुगेको।
- यसअघि सरकारले २०७८ सालमा श्रमिकको पारिश्रमिक निर्धारण गरेको थियो।
- श्रम ऐन, २०७४ ले श्रमिकको न्यूनतम पारिश्रमिक हरेक दुई/दुई वर्षमा निर्धारण हुने व्यवस्था गरेको छ।
- श्रम ऐन, २०७४ लागु भएपछि पहिलो पटक विसं २०७५ मा श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारण गरिएको थियो।

३. **नेपाल राष्ट्र बैङ्कका अनुसार आर्थिक वर्ष २०७९/८० मा मुद्रास्फीति कति रहेको छ ?**

✍ ७.७४ प्रतिशत

- अघिल्लो आवमा यस्तो मुद्रास्फीति ६.३२ प्रतिशत थियो।

४. **राष्ट्रिय साइबर सुरक्षा नीति–२०८० अनुसार विश्वव्यापी साइबर सुरक्षा सूचकाङ्कमा नेपालको स्कोर आगामी पाँच वर्षमा कति पुऱ्याउने लक्ष्य छ ?**

✍ ६०

५. **योगमाया राष्ट्रिय पुरस्कार–२०८० कसलाई प्रदान गरियो ?**

✍ पवन आलोक

६. **फादर अफ हिमालयन स्टडिज भनी कसलाई चिनिन्छ ?**

✍ ब्रायड हड्सन

७. **अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, २०२३ को आयोजना कहाँ गरिने भएको छ ?**

✍ दुबई (युएई)

- आयोजना मिति : विसं २०८० फागुन १–३ गतेसम्म

८. **नेपाल राष्ट्र बैङ्कका अनुसार २०८० असार मसान्तसम्म प्रत्येक नेपालीको भागमा ऋणभार कति पुगेको छ ?**

✍ रु. ७६,०६९

- नेपाल सरकारले तिर्न बाँकी कुल ऋण २२ खर्ब १८ अर्ब ५४ करोड रुपियाँ पुगेको।
- तिर्न बाँकी ऋणमध्ये बाह्य ऋण १० खर्ब ९३ अर्ब ३५ करोड रुपियाँ र आन्तरिक ऋण ११ खर्ब २५ अर्ब १९ करोड रुपियाँ रहेको।
- आव २०७९/८० मा कुल सार्वजनिक ऋणको कुल गार्हस्थ उत्पादनसँगको अनुपात ४१.२ प्रतिशत पुगेको। अघिल्लो वर्ष यस्तो अनुपात ४०.७ प्रतिशत थियो।

**नेपाल राष्ट्र बैङ्कका अनुसार नेपालले तिर्न बाँकी कुल ऋण**

- आव २०७७/७८ मा रु. १७ खर्ब ३५ अर्ब दुई करोड र आव २०७८/७९ मा रु. २० खर्ब १० अर्ब १३ करोड

९. **नेपालका सामानहरू सबैभन्दा बढी निकासी हुने राष्ट्र कुन हो ?**

✍ भारत

१०. **नेपालमा पानी जहाज कार्यालयको स्थापना कहिले गरिएको हो ?**

✍ विसं २०७५ फागुन २ (एकान्तकुना, ललितपुर)

११. **एसियन अवार्डको फिलान्थ्रोपिस्ट अफ दि इयर २०२३ बाट सम्मानित हुने नेपाली को हुन् ?**

✍ विनोद चौधरी

- एसियन अवार्डले व्यवसाय, कला, प्रविधि, राजनीति, खेलकुद र समाज सेवामा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान गर्दै आएको ।

१२. **पद्मश्री साहित्य पुरस्कार–२०७९ को छनोटमा परेका पाँच कृति कुन–कुन हुन् ?**

✍ सुविन भट्टराईको 'इजोरिया', विवेक ओझाको 'ऐँठन', डा. देवीप्रसाद सुवेदीको 'मनु', प्रदीप रोदनको 'मफलर' र डा. नवराज केसीको 'शून्यको मूल्य'

- यसअघि प्रतिष्ठानले १८० पुस्तकमध्येबाट १५ वटा पुस्तक छानेर उत्कृष्ट विस्तारित सूची सार्वजनिक गरेको थियो । त्यसमध्ये पाँच पुस्तक सर्टलिस्टमा परेका । यसैमध्येबाट एक पुस्तकले पद्मश्री पुरस्कार प्राप्त गर्ने ।
- प्रतिष्ठानले २०६३ देखि पद्मश्री पुरस्कार प्रदान गर्दै आएको ।

१३. **नेपालले बिप्पा सम्झौता गरेका देशको सङ्ख्या कति रहेको छ ?**

✍ ६

– दोहोरो कर मुक्ति सम्झौता गरेका देशको सङ्ख्या ११ रहेको।

१४. **नेपालले बिप्पा र दोहोरो करमुक्ति सम्झौता गरेका मुलुक कुन-कुन हुन् ?**

✍ भारत र मौरिसस

**१५. ट्रान्सपरेन्सी इन्टरनेसनलले सन् २०२३ मा सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकाङ्कमा नेपाल कति औँ स्थानमा रहेको छ ?**

✍ ११० औँ

- सन् २०२१ मा नेपाल ११७ औँ स्थानमा रहेको। प्रतिवेदन अनुसार नेपालले भ्रष्टाचार न्यूनीकरणमा भिनो सुधार गरेको देखिएको।
- नेपालले सन् २०२२ मा ३४ अङ्क प्राप्त गरेको, जुन सन् २०२१ को भन्दा एक अङ्क बढी हो।
- प्रतिवेदन अनुसार सबैभन्दा कम भ्रष्टाचार हुने राष्ट्र डेनमार्क रहेको छ भने सूचीको अन्तिम स्थानमा अर्थात् सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकमा सोमालिया (१८० औँ) रहेको।

**कम भ्रष्टाचार हुने मुलुकहरू**

| | राष्ट्र | अङ्क |
|---|---|---|
| १. | डेनमार्क | ९० |
| २. | फिनल्यान्ड | ८७ |
| ३. | न्युजिल्यान्ड | ८७ |
| ४. | नर्वे | ८४ |
| ५. | सिङ्गापुर | ८३ |

## बढी भ्रष्टाचार हुने मुलुकहरू

| राष्ट्र | | अङ्क |
|---|---|---|
| १८० | सोमालिया | १२ |
| १७८ | दक्षिण सुडान | १३ |
| १७८ | सिरिया | १३ |
| १७७ | भेनेजुयला | १४ |
| १७६ | यमन | १६ |

## सार्क राष्ट्रको स्थिति

| राष्ट्र | अङ्क | स्थान |
|---|---|---|
| भुटान | ६८ | २५ औँ |
| माल्दिभ्स | ४० | ८५ औँ |
| भारत | | |
| श्रीलङ्का | ३६ | १०१ औँ |
| नेपाल | ३४ | ११० औँ |
| पाकिस्तान | २७ | १४० औँ |
| बङ्गलादेश | २५ | १४७ औँ |
| अफगानिस्तान | २४ | १५० औँ |

१६. **नेपालमा स्वास्थ्य बिमा कार्यक्रम कहिलेदेखि लागु भएको हो ?**

✍ विसं २०७२ चैत २५

१७. **नेपालमा टिप्पणी उठाई निर्णय गर्ने पद्धतिको सुरुवात कहिलेदेखि भएको हो ?**

✍ विसं २००८

१८. **विश्वको सबैभन्दा अग्लो होटल कुन हो ?**

✍ जे होटल (चीन)

- चीनको साङ्घाईमा रहेको यो होटल ६३२ मिटर अग्लो रहेको।
- यो होटल सन् २०२१ जुन १९ देखि सञ्चालनमा आएको।

१९. **अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति कार्यान्वयन समितिको अध्यक्ष को हुने व्यवस्था छ ?**

✍ अर्थमन्त्री

२०. **मेरो भ्वाइस युनिभर्स–२०२३ को उपाधि जित्ने प्रतिभा को हुन् ?**

✍ प्रितम राई (पुरस्कार : रु. एक करोड)

- सिक्किमका राईले नेपालमा अहिलेसम्मकै सर्वाधिक धनराशिको पुरस्कार राखिएको गायन प्रतियोगिता 'मेरो भ्वाइस युनिभर्स' को उपाधि जितेका।
- त्यसै गरी मेरो डान्स युनिभर्सको उपाधि खुसी कार्कीले जितेकी।

**मेरो भ्वाइस युनिभर्स**

- **विजेता** : प्रितम राई, भारत (पुरस्कार : रु. एक करोड)
- **फर्स्ट रनर्स अप** : शिशिर ठटाल, भारत (पुरस्कार : रु. ३० लाख)
- **सेकेन्ड रनर्स अप** : शरद हुमागाई, नेपाल (पुरस्कार : रु. २० लाख)
- **थर्ड रनर्स अप** : परेश राई, नेपाल (पुरस्कार : रु. १० लाख)
- **फोर्थ रनर्स अप** : साइराज खाती, भारत (पुरस्कार : रु. पाँच लाख)

**मेरो डान्स युनिभर्स**

- **विजेता** : खुसी कार्की (पुरस्कार : रु. एक करोड)
- **फर्स्ट रनर्स अप** : देवी गर्बुजा मगर, बेल्जियम (पुरस्कार : रु. ३० लाख)
- **सेकेन्ड रनर्स अप** : मिङमा डी लेप्चा, भारत (पुरस्कार : रु. २० लाख)

- **थर्ड रनर्स अप** : परेश राई, नेपाल (पुरस्कार : रु. १० लाख)
- **फोर्थ रनर्स अप** : साइराज खाती, भारत (पुरस्कार : रु. पाँच लाख)

**मेरो डान्स युनिभर्स**

- **विजेता** : खुसी कार्की (पुरस्कार : रु. एक करोड)
- **फर्स्ट रनर्स अप** : देवी गर्बुजा मगर, बेल्जियम (पुरस्कार : रु. ३० लाख)
- **सेकेन्ड रनर्स अप** : मिङमा डी लेप्चा, भारत (पुरस्कार : रु. २० लाख)
- **थर्ड रनर्स अप** : स्वस्तिक परियार, नेपाल (पुरस्कार : रु. १० लाख)
- **फोर्थ रनर्स अप** : नेसन सुस्लिङ मगर, नेपाल (पुरस्कार : रु. पाँच लाख)

**समूह नृत्यतर्फ**

- **विजेता** : नेपाल प्रहरी (पुरस्कार : रु. २० लाख)
- **फस्ट रनर्स अप** : धरान नृत्य कला प्रतिष्ठान (पुरस्कार : रु. १० लाख)
- **सेकेन्ड रनर्स अप** : भारती कल्चरल ग्रुप (पुरस्कार : रु. पाँच लाख)

२१. **युनेस्कोको विश्व सम्पदा समितिले काठमाडौँ उपत्यकाको सम्पदा क्षेत्रलाई खतराको सूचीबाट कहिले हटाएको हो ?**

✍ सन् २०२१ जुलाई

- सन् २०२१ जुलाई १७ देखि २१ सम्म चलेको समितिको बैठकले उपत्यकाको सम्पदालाई खतराको सूचीबाट हटाउने निर्णय गरेको।
- युनेस्कोले भूकम्पलगत्तै सन् २०१५ मा उपत्यकाको सम्पदालाई खतराको सूचीमा राखेको थियो।
- युनेस्कोमा हाल १९४ सदस्य राष्ट्र रहेका । साथै कार्यसमिति २१ सदस्यीय रहेको।

२२. **जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्भौता अनुमोदन गर्ने पहिलो सार्क राष्ट्र कुन हो ?**

✍ माल्दिभ्स

- (नेपालले सन् २०१६ अक्टोबर २४ मा यो सम्भौता अनुमोदन गरेको।)

**प्रस्तुतकर्ता : टङ्क केसी**